# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

## लेकम गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### रातामाटा, दार्चुला

### २०८२ असार १० गते

# लेकम गाँउपालिका
# आर्थिक वर्ष २०८२/०८३
# बजेट तथा कार्यक्रम

यस लेकम गाउँपालिकाको १७ औं गाउँसभा अधिवेशनको गरिमामय सभामा उपस्थित लेकम गाउँपालिका अध्यक्षज्यू,प्रमुख प्रशासकीय अधिकृतज्यू,लेकम गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यहरु, गाउँ कार्यपालिका सदस्यज्यहरु, गाउँसभाका सदस्यज्यहरु, निवर्तमान जनप्रतिनिधिज्यू, सुरक्षा निकायका प्रमुखज्यू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भुतपूर्व जनप्रतिनिधिज्यूहरु विभिन्न संघ संस्थाका प्रमुखएवं प्रतिनिधिज्यूहरु, संचारकर्मी मित्रहरु, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण लेकम गाउँपालिकाका आदरणीय आमा-बुवा, दाजुभाई तथा दिदि बहिनीहरु,

स्थानीय सरकार उपाध्यक्षको हैसियतले लेकम गाउँपालिकाको गरिमामय सभामा निर्वाचित भएर आइसके पछि आफ्नो दोस्रो कार्यकालको चौथौ वार्षिक बजेट तथा कार्यक्रमको रुपमा यस लेकम गाउँपालिकाको आगामी आ.व. २०८२।२०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तरगत गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलनलगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु। साथै राजनीतिक, सामाजिक, आर्थिक  परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै वुद्धिजीवी तथा अग्रज नेतृत्वगणहरुप्रति हार्दिक आभार प्रकट गर्दछु।

म यस गाँउ सभामार्फत  स्थानीय तहको निर्वाचनबाट हामीलाई निर्वाचित गर्नुहुने आदरणीय लेकमवासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक आभार प्रकट गर्दछु र यहाँहरुले दिनुभएको जिम्मेवारीलाई हरतरहले पूरा गर्ने बचनवद्धता प्रकट गर्दछु । लेकम गाँउपालिकाको आर्थिक बर्ष २०८२/०८३ को बजेट तर्जुमा गर्दा नेपालको संबिधान, प्रचलित कानून, गाँउ सभाबाट ७ असार, २०८२ मा पारित आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति तथाकार्यक्रम समेतलाई आधार मानी तयार गरिएको छ ।बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजस्व परामर्श समिति, अन्य विषयगत समितिहरु, विभिन्न संघसंस्था, विद्धतवर्ग, नागरिक समुदाय लगायत सबैबाट प्राप्त सुझाव समेतलाई ध्यान दिइएको छ।

**आदरणीय सभाध्यक्षज्यू,**

लेकम गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको विश्लेषण सहित नीति तथा कार्यक्रम पारित भईसकेको सन्दर्भमा अब म यस सभा समक्ष चालु आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमको कार्यान्वयन समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको समयानुकुल ज्ञान, सिप, र दक्षता बढाउन चालु आ.व. मा पालिकाको शाखा तथा वडाहरुमा कार्यरत कर्मचारीहरु तथा पालिकाका जनप्रतिनिधिहरुलाई विभिन्न तालिम तथा प्रशिक्षण प्रदान गरिएको छ ।
- सेवा प्रवाह र विकास निर्माणको कार्यमा वडा कार्यालयहरुलाई साधनस्रोतयुक्त, जिम्मेवार र अधिकार सम्पन्न बनाउदै लगिएको छ ।
- विपद व्यवस्थापन कोषमा विनियोजित रकमबाट विपदमा परेका नागरिकहरुलाई राहत वितरण गर्नुका साथै विपदबाट क्षतिग्रस्त पूर्वाधारहरुको पुन निर्माण गरिइको छ ।
- प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुमा स्थानीय लागत साझेदारीका आधारमा योजना तथा कार्यक्रम कार्यान्वयन गरिएको छ ।
- नमुना युवा संसद मार्फत युवा नेतृत्व तथा क्षमता विकास, कानूनी सचेतना लगायतका प्रशिक्षणमूलक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

लेकम गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कुल वार्षिक अनुमानित आय ४८ करोड ३३ लाख ४ हजार अनुमान गरिएको थियो । २०८२ साल असार ९ गते सम्मकुल ४२ करोड ३९ लाख १ हजार ८ सय ८० रुपैया मात्र आम्दानी भएको छ । जुन लक्ष्यको तुलनामा ८७.७०प्रतिशत हुन आउछ । चालु आर्थिक वर्ष २०८१।०८२ मा नेपाल सरकार समानीकरण अनुदानतर्फ १० करोड १८ लाख अनुमानित आय रहेकोमा हालसम्म ९ करोड ३४ लाख आम्दानी भएको छ ।नेपाल सरकार सशर्त अनुदान चालु तर्फ२२ करोड ६२ लाख ३२ हजार अनुमान गरिएकोमा हालसम्म२१ करोड ७१ लाख ४५ हजार आम्दानी भएको छ ।त्यसैगरी नेपाल सरकार सशर्त अनुदान पुजीगततर्फ१ करोड १० लाख अनुमान गरिएकोमा शत प्रतिशत आम्दानी भएको छ । सुदुर पश्चिम प्रदेश विशेष अनुदान चालुतर्फ ४० लाख अनुमान गरिएकोमा२९ लाख ४९ हजार १सय ८६ रुपैया आम्दानी भएको छ ।नेपाल सरकार समपूरक अनुदान पूजीगत तर्फ १ करोड ५० लाख अनुमान गरिएकोमा ६२ लाख ६५ हजार ५ सय ७७ आम्दानी भएको छ ।त्यसैगरी नेपाल सरकार समपूरक अनुदान पूजीगततर्फ१ करोड ५० लाख अनुमान गरिएकोमा ६२ लाख ६५ हजार ५ सय ७७ आम्दानी भएको छ ।सुदुर पश्चिम प्रदेश समानीकरण अनुदानतर्फ९३ लाख ३८ हजार अनुमान गरिएकोमा शत प्रतिशत आम्दानी भएको छ । सुदुर पश्चिम प्रदेश ससर्त अनुदान चालुतर्फ५ लाख ५० हजार अनुमान गरिएको ५ लाख ५० हजार नै आम्दानी भएको छ । सुदुर पश्चिम प्रदेश ससर्त अनुदान पूजीगत तर्फ१ करोड ४ लाख अनुमानगरिएको शत प्रतिशत आम्दानी भएको छ । सुदुर पश्चिम प्रदेश समपूरक अनुदान पूजीगततर्फ १ करोड ४४ लाख ४१ हजार अनुमान गरिएकोमा ३८ लाख ६१ हजार ७ सय ६८ आम्दानी भएको छ ।राजस्व बाडफाड प्रदेश सरकारतर्फ९ लाख ४३ हजार अनुमान गरिएकोमा ८ लाख ६३ हजार १ सय २३ आम्दानी गरिएको

छ ।राजस्व बाडफाड संघीय सरकारतर्फ ७ करोड ४५ लाख अनुमान गरिएकोमा ५ करोड ७८ लाख ६१ हजार २ सय २ आम्दानी भएको छ । आन्तरिक स्रोत (आन्तरिक राजस्व तथा बजत) तर्फ १ करोड ५१ लाख अनुमान गरिएकोमा १ करोड २ लाख ५६ हजार ३ सय ४३ आम्दानी भएकोछ ।

खर्च तर्फ विश्लेषण गर्दा चालु आर्थिक वर्ष २०८१।८२ मा विनियोजित बजेट मध्ये २६ करोड ३९ लाख १० हजार २ सय ६६ रुपैया अर्थात ७६.८९ प्रतिशत चालुतर्फ खर्च भएको छ र ६ करोड ७२ लाख ७६ हजार ३ सय ४४ रुपैया अर्थात ४८.०३ प्रतिशत पूजिगत तर्फ खर्च भएको छ । हाल सम्म कुल बजटमध्ये रु ३३ करोड ११ लाख ८६ हजार ६ सय १० रुपैया  अर्थात ६८.५२ प्रतिशत कुल खर्च भएको छ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेकी छु ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- लैङ्गिक समानता र सामाजिक समाबेसीकरणलाई टेवा पुग्ने कार्यक्रम संचालन गर्ने,
- दीगो समनाता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पु–याउने विषयहरु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरि बजेट विनियोजन गरेको छु।

- संघीय सरकार र यस लेकम गाउँपालिकाको संयुक्त साझेदारीमा कार्यान्वयन हुने गरी गोकुलेश्वर लाली सडक खण्डमा रु ३ करोड ३७ लाख ५० हजार र देथली पिर्तोली अम्कुर गोगना गणेत सडक खण्डमा रु १ करोड ६७ लाख ५० हजार रकम विनियोजन गरेको छु।
- यस लेकम गाउँपालिकाको सहकार्य तथा संघीय सरकारको समन्वयमा विशेष अनुदान अन्तरगत पोषण सुधार कार्यक्रममा रु १ करोड ६० लाख विनियोजन गरेको छु।
- प्रदेश सरकार सरकार र स्थानीय सरकारको संयुक्त साझेदारी सञ्चालन हुने गरी तलौरा उकुमा गुमाखोली लाली सडक खण्डमा रु ९६ लाख, टकना खरकडा बचपाली सडक खण्डमा रु ४६ लाख र बडिपुर पट्युडी उचाकोट सडक खण्डमा रु ७० लाख  विनियोजन गरेको छु।
- लेकम गाउँपालिकाको सहकार्य र प्रदेश सरकारको विशेष समन्वयमा लेकम गाउँपालिका वडा नं. २ र ४ मा सञ्चालन हुने गरी दलित सरसफाई कार्यक्रमका लागि रु ५० र तेलिगाउँ आधारभूत स्वास्थ्य भवन व्यवस्थापन २५ लाख विनियोजित गरेको छ।
- मर्मत सम्भार कोष स्थापना गरी निर्मित भौतिक पूर्वाधारको समयमा नै मर्मत सम्भार गरि लागत प्रभावकारिताका माध्यमले खर्च मितव्यायी र दीगो बनाउन बजेट विनियोजन गरेको छु।
- अध्यक्ष विशेष पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा ल्याई आकस्मिक विकास निर्माण कार्यका लागि बजेट विनियोजन गरेको छु।
- टुहुरा बालबालिकाहरुलाई दिइदै आइरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिन रु १८ लाख बजेट विनियोजन गरेको छु।
- लेकम गाउँपालिका भरिका खानेपानी मुहान/आयोजनाहरुको व्यवस्थापन तथा अभिलेकरण गर्न खानेपानी तथा सरसफाई ईकाई (Wash Unit) स्थापनाका लागि बजेट विनियोजन गरेको छु।
- स्थानिय तहमा पोषणको अवस्था सुधार गर्न लक्षित समुह पहिचान गरी उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु।
- करदाताहरुलाई स्थानीयतहबाट संकलन हुने कर तथा दस्तुरहरुको जानकारी उपलब्ध गराउन कर सम्बन्धी सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- वातावरणीय प्रभाव मूल्यांकन कार्यलाई आर्थिक वर्षको सुरुवात बाटै कार्यान्वयनमा ल्याई आगामी आर्थिक वर्ष देखि प्रकृतिक स्रोतबाट राजस्व संकलन गर्ने उद्देश्यलेविभिन्न  DPR/ IEE/ EIA गर्नका लागि बजेट विनियोजन गरेको छु।
- पालिकाले प्रदान गर्ने सेवा प्रवाहको सम्बन्धमा सरोकारवालाहरुको उपस्थितिमा नियमित सार्वजनिक सुनुवाईको आयोजना तथा गुनासो व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।

- न्यायिक समितिको कार्यलाई व्यवस्थित तथा न्यायोचित एवम् मेलमिलाप केन्द्रहरुको सबलीकरण मार्फत स्थानीय मेलमिलाप एबम् न्यायीक निरुपणका कार्यहरुमा सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।
- कर्मचारी प्रशासनलाई व्यवस्थित बनाउन गाउँपालिका र यस मातहतका कार्यालयहरुमा ई-हाजिरी जडानका लागी आवश्यक बजेट विनियोजन गरेको छु।
- कर्मचारीहरुको र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि विभिन्न समसामयिक तालिम तथा कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु।
- विपदजन्य कार्य र राहत तथा पुर्नस्थापना जस्ता कार्यका लागी विपद व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु।
- लेकम गाउँपालिका भित्र रहेका भूमीहिन दलित, भुमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन प्रमाणिकरण तथा नाप नक्साको प्रक्रियालाई निरन्तरता दिन आवश्यक बजेटविनियोजन गरेको छु।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको पहिचान एवम् नविकरणमा सहजता र पारदर्शिता तथा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी बनाउन वडा कार्यालय तथा सेवा ईकाइको लागी बायोमेट्रिक भेरिफिकेशन डिभाइसको व्यवस्थापन आवश्यक बजेट विनियोजन गरेको छु।
- एकल महिलाहरुको जिवन स्तरसुधार गर्न एकल महिला सिप विकास  कार्यक्रम संचालनका लगी आवश्यक बजेटको व्यवस्था गरेको छु।
- लेकम गाउँपालिका अर्न्तगतका विद्यालयहरुमा सञ्चालित विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाईउन आवश्यक बजेटको प्रबन्ध गरेको छु।
- गाउँपालिका अन्तरगत कार्यरत सहजकर्ता शिक्षक र विद्यालय कर्मचारीहरुलाई पोशाक खर्च रकम उपलब्धताका लागि बजेटको व्यवस्था गरेको छु।
- विद्यालय बाहिर वा भित्र रहेका अनाथ अपांग गरिब बालबालिकाहरुलाई शिक्षाको मूल धारमा ल्याउन र त्यस्ता बालबालिकाहरुको पढाई निरन्तरताका लागि छात्रवृत्ति प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- सुरक्षित आप्रवासन SAMI कार्यक्रमको साझेदारीमा गाउँपालिकामा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गर्न बजेट बिनियोजन गरेको छु।
- आन्तरिक रोजगार प्रर्वद्धन गर्ने उद्देश्यका साथ रोजगारी उन्मुख  बिभिन्न सिप विकास तालिमहरु सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरेको छु।
- बजारको माग श्रोत साधनको उपलब्धता र जनचाहनामा आधारित उद्यमहरुको स्थापना गरि उक्त उद्यमी व्यावसायीहरुलाई दीगो रुपमा व्यवसाय सञ्चालन गर्नका लागि आवश्यकता र मागको आधारमा स्तरोन्नती तथा लागत साझेदारीमा प्रविधी हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु।
- पशुपालन व्यवसायलाई क्रमशःयान्त्रीकरण तथा व्यवसायिकरण गर्दै पशुजन्य पदार्थको उत्पादनमा आत्मनिर्भर भई उत्पादन र रोजगारको थप बृद्धि गर्न बजेटको व्यवस्था गरेको छु।
- कृषिमा लागत मूल्य घटाउन कृषि यान्त्रिकरण कार्यक्रम गरि कृषिमा आधुनिकीकरणकार्यरक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

- सहकारी संस्थाहरुलाई उत्पादनमूलक तथा सेवामूलक सेवा प्रवाह गरि आधुनिकीकरण र आत्मनिर्भर बन्न मागका आधारमा अनुदान कार्यका लागि बजेट बिनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय**

लेकम गाउँपालिकाको नीति तथा कार्यक्रमलाई साकार पार्न आगामी आर्थिक वर्ष २०८२/८३ को लागि कूल रु ४८ करोड १३ लाख ५६ हजार ५ सय ४० को अनुमानित वजेट तथा कार्यक्रम तयार गरिएको छ । यस अन्तर्गत लेकम गाउँपालिकाको संचित कोषमा जम्मा हुने आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका आम्दानी खर्चलाई संक्षिप्त रुपमा देहाय बमोजिम प्रस्तुत गर्न चाहन्छु ।

| आयः | | ४८करोड १३ लाख ५६ हजार ५ सय ४० |
|---|---|---|
| राजस्वः | | ७ करोड ६० लाख ७१ हजार ५ सय ४० |
| १ | आन्तरिकराजस्व | २६ लाख ५० हजार |
| २ | राजस्वबाँडफाँडबाट प्राप्त रकम सघ सरकार अन्त शुल्क | १ करोड ७९ लाख ४५ हजार ८ सय ८५ |
| ३ | राजस्वबाँडफाँडबाट प्राप्त रकम सघ सरकार मु.अ.क. | ५ करोड ३८ लाख ३७ हजार ६ सय ५५ |
| ४ | राजस्वबाँडफाँडबाट प्राप्त रकम प्रदेश सरकार | १६ लाख ३८ हजार |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ४० करोड ५२ लाख ८५ हजार |
| १ | संघिय सरकारबाट प्राप्त समानीकरण अनुदान | ९ करोड ८० लाख |
| २ | संघियसरकार सशर्त अनुदान चालु | २१ करोड २६ लाख |
| ३ | संघियसरकार सशर्त अनुदान पुँजिगत | ६ लाख |
| ४ | नेपालसरकार समपूरक अनुदान पुजिगत | ४ करोड ४ लाख |
| ५ | नेपालसरकार विशेष अनुदान चालु | १ करोड ६० लाख |
| ६ | प्रदेशसरकार बिशेष अनुदान चालु | ७५ लाख |
| ७ | प्रदेशसरकार शशर्त अनुदान पुजिगत | ८० लाख |
| ८ | प्रदेशसरकार शशर्त अनुदान चालु | ० |

| | | |
|---|---|---|
| ९ | प्रदेशसमपूरक अनुदान | १ करोड २६ लाख |
| १० | प्रदेशसरकारबाट प्राप्त समानीकरण अनुदान | ९४ लाख ८७ हजार |
| ११ | रोयल्टी वापत | ४८ हजार |
| १२ | बाडफाड बाट प्राप्त मालपोत कर | ५० हजार |

| व्ययः | | ४८ करोड १३ लाख ५७ हजार |
|---|---|---|
| १ | चालु खर्च | १३ करोड ४८ लाख ३२ हजार |
| २ | पुँजिगत खर्च | २ करोड ६१ लाख २५ हजार |
| ३ | पूँजिगत खर्च शशर्त अनुदान संघ | ६ लाख |
| ४ | शशर्त अनुदान पुजिगत  प्रदेश | ८० लाख |
| ५ | शशर्त अनुदान चालु तर्फ प्रदेश | ० |
| ६ | संघीय सरकार बिशेष अनुदान | १ करोड ६० लाख |
| ७ | संघीय सरकार समपुरक अनुदान | ५ करोड ५ लाख |
| ८ | प्रदेश सरकार समपूरक | २ करोड ५२ लाख |
| ९ | सशर्त अनुदान संघीय चालु | २१ करोड २६ लाख |
| १० | विशेष अनुदान प्रदेश | ७५ लाख |

अन्त्यमा,

यस लेकम गाउँपालिको १७ औं गाउँसभा अधिवेशनको दोस्रो बैठकमा उपस्थित सम्पूर्ण महानुभावहरु, आर्थिक वर्ष २०८२।२०८३ का लागि तर्जुमा गरिएको लेकम गाउँपालिकाको बजेटको पूर्ण कार्यान्वयनमा यहाँहरु सबैको साथ, सहयोग र समन्वयको अपेक्षा सहित लेकम गाँउपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधी, विकास साझेदारहरु, विज्ञ सल्लाहकार समूहहरु, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघ संस्था सुरक्षाकर्मी, पत्रकार, लेकमवासी, वुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यबाद

माधवी जोशी

उपाध्यक्ष

२०८२ असार १०, सोमबार